# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, माघ ५ गते, २०७९ साल (संख्या ५४

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूची-१ हेरफेर गरी संवत् २०७९ साल साउन १ गतेदेखि लागू हुने गरी प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको प्रति महिना पारिश्रमिक देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) प्रधान न्यायाधीश रु. १,०२,२९३/-

(ख) न्यायाधीश रु. ८५,०४३/-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूची-१ हेरफेर गरी संवत् २०७९ साल साउन १ गतेदेखि लागू हुने गरी उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरुको प्रति महिना पारिश्रमिक देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

| | |
|---|---|
| (क) उच्च अदालतका मुख्य न्यायाधीश | रु. ८०,७०७।- |
| (ख) उच्च अदालतका न्यायाधीश | रु. ७६,३८३।- |
| (ग) जिल्ला अदालतका न्यायाधीश | रु. ६४,८९५।- |

## सूचना ३

नेपाल सरकारले महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूची-१ हेरफेर गरी संवत् २०७९ साल साउन १ गतेदेखि लागू हुने गरी महान्यायाधिवक्ताको प्रति महिना पारिश्रमिक रु. ८५,०४३/- निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले संवत् २०७९ साल साउन १ गतेदेखि लागू हुने गरी देहायका पदाधिकारीको तलबमान देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं. | पदाधिकारी | मासिक पारिश्रमिक रु. | कैफियत |
|---|---|---|---|
| १. | **न्याय परिषद्का सदस्य** | ८५,०४३/- | सर्वोच्च अदालतको न्यायाधीश सरह |
| २. | **राष्ट्रिय योजना आयोग** | | |
| | (क) उपाध्यक्ष | ७९,३८५।- | |
| | (ख) सदस्य | ७७,६६०।- | |
| ३. | **संवैधानिक निकाय** | | |
| | (क) प्रमुख पदाधिकारी | ८०,७०७।- | |
| | (ख) पदाधिकारी | ७६,३८३।- | |
| ४. | **सङ्घीय संसद** | | |
| | (क)महासचिव | ७७,२११।- | नेपाल सरकारको मुख्य सचिव सरह |
| | (ख)सचिव | ७२,०८२।- | नेपाल सरकारको सचिव सरह |
| ५. | **राष्ट्रिय सूचना आयोग** | | |
| | (क) प्रमुख सूचना आयुक्त | ८०,७०७।- | |
| | (ख) सूचना आयुक्त | ७६,३८३।- | |

**आज्ञाले,**
**तोयम राया**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।